आज मिति २०८१/०६/२२ गते मङ्गलबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालू आ. व. २०८१/०८२ को तेस्रो बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरू गरियो ।

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्तादेवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री विष्णु बहादुर घर्ती | सदस्य सचिव | |
| ४ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ५ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ६ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ७ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ८ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ९ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| १० | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | |
| ११ | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | |
| १३ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | |
| १४ | श्री रुक्मिणि थारु | कार्यपालिका सदस्य | |
| १५ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | |
| १६ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |

कार्यसम्पादन सहयोग

| | | | |
|---|---|---|---|
| १ | श्री लक्ष्मण पाण्डे | लेखा अधिकृत | |
| २ | श्री शम्भु ढकाल | व. अधिकृत | |
| ३ | श्री दुधहरि न्यौपाने | प्र. प्र. अ. | |
| ४ | श्री पार्वती चौधरी | का. स. | |
| ५ | श्री | | |

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बैठक मिति: २०८१/०६/२२

## बैठक संख्या: ०३/२०८१-०८२ का प्रस्ताव तथा निर्णयहरू

**प्रस्तावहरू:**

प्रस्ताव नं. १ - विपद् व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. २ - दर्वाह मेला सम्बन्धमा ।

प्रस्ताव नं. ३ - समीक्षा/सुनुवाई सम्बन्धमा ।

प्रस्ताव नं. ४ - विविध सम्बन्धमा ।

**निर्णयहरू:**

**निर्णय नं. १**

गत बैठकको निर्णयको समीक्षात्मक छलफल गरी कार्यान्वयन हुन नसकेका पक्षलाई अविलम्व अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०८१ असोज ११ र १८ गते परेको अविरल वर्षातका कारण यस गाउँपालिका क्षेत्रमा भएको क्षतिका बारेमा छलफल गर्दै कुनै पनि विपद्जन्य घटना घटेको समयमै वडा कार्यालयहरूले कार्यपालिकाको कार्यालयमा यथार्थ जानकारी गराउने र उक्त घटनाहरूको एकीकृत विवरण यथासमयमै जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।

साथै यस्ता घटनाहरूको विवरण नगर प्रहरीले संकलन गर्ने र घटनाहरूमा भएको क्षतिका बारेमा प्राविधिक प्रतिवेदनका आधारमा आवश्यक कार्य गरी सो को भुक्तानी विपद् व्यवस्थापन कोषबाट दिने निर्णय गरियो ।

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद पन्थ्याल
अध्यक्ष

**निर्णय नं. ३**

प्रत्येक वर्ष लाग्दै आएको दरबाह मेलालाई थप व्यवस्थित गर्नका लागि देहाय बमोजिमको समित गठन गरी एकद्वार प्रणाली अनुसार आवश्यक मापदण्ड तथा प्रक्रियाहरू पुरा गर्ने निर्णय गरियो । साथै उक्त समितिको बैठकमा सम्बन्धित सरोकारवालाहरूलाई आमन्त्रित गर्ने निर्णय गरियो ।

संयोजक - चन्द्रभान चौधरी थारु (५ नं. वडा अध्यक्ष)
सदस्य - केशव प्रसाद अधिकारी (प्रवक्ता एवम् ४ नं. वडा अध्यक्ष)
सदस्य - कमल बहादुर खड्का क्षेत्री (२ नं. वडा अध्यक्ष)
सदस्य - हेम बहादुर खड्का (३ नं. वडा अध्यक्ष)
सदस्य - उपेन्द्र साहनी (६ नं. वडा अध्यक्ष)
सदस्य सचिव - हिरालाल भुसाल (५ नं. वडा सचिव)
सल्लाहकार - कार्यपालिका सदस्यहरू

**निर्णय नं. ४**

चालु आ.व. को प्रथम त्रैमासिक कार्य प्रगति समीक्षा एवम् सार्वजनिक सुनुवाई मिति २०८१/७/६ गतेसम्म वडागत रूपमा गरी गराई सो को प्रतिवेदन गाउँपालिका कार्यालयमा पेश गर्ने र सबै प्रतिवेदन प्राप्त भएपछि शाखागत रूपमा सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

टोल विकास संस्था सञ्चालन कार्यविधिलाई परिमार्जन गर्नका लागि विधेयक समितिलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

गाउँपालिकाको संगठन संरचना सर्वेक्षण (O & M) को अनुसूचिमा हेरफेर गर्नका लागि सुशासन तथा संस्थागत समितिलाई जानकारी गराउने निर्णय गरियो ।

बिष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद हरयाल
अध्यक्ष

निर्णय नं. ७

आउदै गरेका महान् पर्वहरू वडा दशै, शुभ दिपावली, छठ तथा नेपाल सम्वतको अवसरमा नेपाल तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा शु-स्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

पेश भएका प्रस्तावहरूमध्ये नेपाल ब्यूटिसियन संघ, शुद्धोदन गाउँपालिकास्तरीय समितिले १२ दिने ब्राइडल Water Proof मेकअप तालिम लागत साझेदारीमा संचालन गर्नका लागि गाउँपालिकाको तर्फबाट रु. १,०००००/- (अक्षेरेपी एक लाख मात्र) दिने निर्णय गरियो ।

निर्णय नं. ९

बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग गरिएको हुँदा प्रधानमन्त्री रोजगार सेवा केन्द्र र महिला विकास शाखालाई सम्बन्धित शाखासँग समन्वय गरि प्रस्ताव तयार गर्नका लागि जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

श्रीलंकामा भएको 9th Goju –Ryu Kenwakai Karate International Seminar Championship and grading test -2024 खेलमा सहभागी हुँदा उत्कृष्ट भई विभिन्न पुरस्कारहरू प्राप्त गरेको हुनाले सामाजिक समितिको सिफारिस बमोजिम तपसिलका खेलाडीहरूलाई सहयोग स्वरूप एकमुष्ठ रु. १,०००००/- (अक्षेरेपी एक लाख मात्र) दिने निर्णय गरियो ।

क) सुभम कंडेल, शुधोदन गाउँपालिका वडा नं. २
ख) आदेश अर्याल, शुद्धोदन गाउँपालिका वडा नं. ३
ग) रमेश राज अर्याल, शुद्धोदन गाउँपालिका वडा नं. ३
घ) इशान घिमिरे, शुद्धोदन गाउँपालिका वडा नं. ४

बिष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बिष्णु प्रसाद बस्याल
अध्यक्ष

ङ) रिशव थापा, शुद्धोदन गाउँपालिका वडा नं. ४

**निर्णय नं. ११**

भैरहवामा सम्पन्न भएको वी.पी. कोइराला स्मृति कप टि २० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागि आयोजक Nexus Cricket Academy KageswariManohara-9, Kathmandu, Nepal लाई सहयोग स्वरूप रु. १,०००००/-(अक्षेरेपी एक लाख दिने निर्णय गरियो) ।

**निर्णय नं. १२**

पेश भएका प्रस्तावहरूमध्ये ३ नं. वडा कार्यालयको सिफारिस अनुसार इट्टा भट्टिदेखि बुटवल उपमहानगरपालिकाको सिमासम्म २० ओटा सेन्सर लाइट जडानको लागि रु. १,०००००/- (अक्षेरेपी एक लाख मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

शुद्धोदन गा.पा. ४ स्थित माया थारुले यस कार्यालयबाट माछापोखरी निर्माण गर्न अनुमती प्रदान गरिएकोमा निजले पोखरी निर्माण गर्दा सधियार श्री दिपक गौडेलको जग्गा भत्किई क्षति भएकोले निजको पति विश्वमान चौधरीमार्फत सो कार्य गर्नका लागि यस कार्यालयमा राखेको धरौटी जफत गर्न ४ नं. वडा कार्यालयको सिफारिस पत्रानुसार उक्त धरौटी रकम रु. २,४८,१००/- (दुई लाख अठ्चालिस हजार एक सय मात्र) जफत गरी गाउँपालिकाको मूलकोष खातामा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

शुद्धोदन गा.पा. वडा नं. ४,मा माछा पोखरी निर्माण गर्दा सधियार दिपक गौडेलको जग्गा संरक्षण गर्दा लागेको रकम वडा कार्यालयबाट सिफारिस भए अनुसारका बिल भरपाई अनुसारको रकम रु. ५०,०००/- (अक्षेरेपी पचास हजार मात्र) विविध पूँजीगत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद वस्याल
अध्यक्ष

**निर्णय नं. १५**

शुद्धोदन गाउँपालिकाको विभिन्न योजनाहरूको बजेट माग गर्नको लागि नर बहादुर घर्ती र विष्णु गौतम काठमाडौं जाँदा र आउदाको प्लेन टिकट र ट्याक्सी भाडा बापतको रकम रु. १८,६००/- (अक्षेरेपी अठार हजार छ सय मात्र) सामाजिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६**

वडा नं. २ को सिफारिस अनुसार सोही वडामा कार्यरत सहायक कविता देवी गौतमलाई ढाडको उपचार गर्दा लागेको खर्च रु. ३०,०००/- (अक्षेरेपी तीस हजार मात्र) सामाजिक सहायता शीर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

श्री शितलपाटी टोल विकास संस्था वडा नं. ५ को सिफारिस अनुसार सोही स्थानमा बसोबास गर्ने रामनारायण कुर्मीको आर्थिक अवस्था कमजोर भएकोले बुवाको काजक्रियाको लागि रु. १०,०००/- (अक्षेरेपी दश हजार मात्र) सामाजिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

वडा नं. ४ को सिफारिस बमोजिम केवलपुर बस्ने सुब्बा बहादुर बि.क.को ढाडमा समस्या भई हिडडुल गर्न समेत गाह्रो भएको हुँदा रु. १०,०००/- (अक्षेरेपी दश हजार मात्र) सामाजिक सहायता शीर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

वडा नं. ४ निवासी पदम बहादुर बि.क.की श्रीमती सूर्यलक्ष्मी विश्वकर्मा विगत ६ वर्षदेखि ब्रेन ट्यूमरजस्तो घातक रोगबाट सिकिस्त भएको हुँदा रु. १५,०००/- (अक्षेरेपी पन्ध्र हजार मात्र) सामाजिक सहायता शीर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद सन्याल
अध्यक्ष

निर्णय नं. २०

वडा नं. २ को सिफारिस अनुसार सोही वडामा रहेको राधाकृष्ण मन्दिर परिसरमा निर्माण भएको शिवालय मन्दिरमा त्रिवेणी धामबाट जल ल्याई मन्दिरमा अर्पण गर्ने तथा त्रिवेणी धामको अध्ययन अवलोकन गर्ने कार्यका लागि २ वटा बसको भाडाको ५० प्रतिशत खर्च रु. २०,०००/- (अक्षेरेपी बीस हजार मात्र) सामाजिक सहायता शीर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश अमुवा, रुपन्देहीको निवेदन अनुसार भान्साघर पुरानो भई जिर्ण अवस्थामा रहेकोले नयाँ भान्साघर निर्माण गर्नका लागि रु. १,०००००/- (अक्षेरेपी एक लाख मात्र) सामाजिक सहायता शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

शुद्धोदन गाउँपालिका वडा नं. ५ मा रहेको मानपकडी दर्वाह मसानघाटमा फोहोरमैला व्यवस्थापन गर्न दैनिक ज्यालादारीमा खटाइएका मजदुर बाबुराम गोसाईलाई २०८१ साल श्रावण, भाद्र र असोज महिनाको कूल ६९ दिन काम गरेको दैनिक ज्याला रु ६७०/- का दरले कूल जम्मा रु. ४६,२३०/- (अक्षेरेपी छयालिस हजार दुई सय तीस मात्र) सामाजिक सहायता शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

साथै अबका दिनहरूमा निजले काम गरेको दिनको विवरण बन, वातावरण तथा विपद् व्यवस्थापन समितिका सदस्य सचिवको प्रत्यक्ष निगरानीमा राखी सोही अनुसार भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

बिष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बिष्णु प्रसाद बस्याल
अध्यक्ष